# जियोकृषि नेतृत्व कार्यक्रम

GeoKrishi

**Date : 2078-02-24**

जियोकृषि एप सम्बन्धि तालिम कार्यक्रम

**परिचय**

जनता माध्यमिक बिधालय प्राबिधिक शिक्षा र जियोकृषि बीच सम्झौतामा भई जियोकृषी सम्बन्धी अभिमुखिकरण तालिममा म सहभागी भएको थिए। सो तालिमबाट जियोकृषि एपको बारेमा जानकारी प्राप्त भयो।

जियोकृषि एप बिशेष्त कृषकहरुको लागि बनाइएको एप हो। जियो कृषि एपलाइ स्मार्ट फोनको play store बाट डाउन्लोड गर्न सकिन्छ। यो एप कृषि सम्बन्धी सम्पुर्ण जानकारी दिन र कृषकले सम्बन्धित बालिको उत्पादनको लागि कार्ययोजना बनाउन सहयोग गर्दछ। साथै बालिमा देखिन सकिने रोग तथा किराको व्यवस्थापन बारे पनि जानकारी दिन्छ। मलखाध उपयोग, मौसम सम्बन्धी, उत्पादनको बजारको मूल्य जस्ता अन्य जानकारी पनि दिन्छ। कृषकको उत्पादनलाइ बजारिकरण गर्नमा पनि सहयोग पुर्याउछ।

**उद्देश्य**

कृषकलाइ दैनिक जिवनमा जियो कृषि एप प्रयोग गर्न सक्षम बनाउने।

**विस्तार**

यो एपको बारेमा कृषकलाई प्रत्यक्ष रुपमा भेटी जानकारी गराइ सर्वप्रथम कृषक दर्ता गर्ने जस अन्तर्गत कृषकको नाम, लिङग र ठेगाना समावेश गर्ने। त्यसपछी खेतको बिबरण बारे जानकारि गराइ खेतको नाम र कुल जग्गाको क्षेत्रफल उल्लेख गर्ने साथै कुन बाली लगाउने र कति क्षेत्रफलमा लगाउने भन्ने कुराको बिबरण संकलन गर्ने।

**तपाईको अनुभव**

यो ऐप चलाउँदा देखि लिएर यसको सुविधा मलाई एकदम मन पर्यो साथै मैले किसानलाई सिकाउँदा पनि राम्रो लाग्यो र सजिलै सबैजनाले चलाउन सिके्न, त्यति गाह्रो परेन किसानलाई बुझ्न ।

**किसानको प्रतिकृया**

जियोकृषि एप किसानहरुलाई एकदम राम्रो लाग्यो । उनीहरूको प्रतिक्रिया अनुसार यो ऐप एकदम राम्रो र लाभदायक छ। मलखादको मात्रा र वाली मा लागेका रोगकीरा सम्बन्धी जानकारी को लागि प्राविधिक समक्ष पुग्नु पर्दैन। कुनै पनि वाली का लागि गर्नुपर्ने सबै जानकारी notification द्वारा पहिले जानकारी गराउँछ। हामीलाई थाहा नभएको कुरा यस ऐप ले दिने हुँदा एकदम खुसी लाग्यो।

एउटा कृषक अनुसार यो ऐप काम गर्न सजिलो बनाउँछ तर सबै संग मोबाइल र डाटा उपलब्ध हुँदैन त्यसका लागि अलि गाह्रो हुन्छ र छोरा छोरी नभएको बेला पढ्न नजान्ने लाई पनि अलि गाह्रो पर्ने हुन्छ। तर पनि यसको सेवा र सुविधा एकदम राम्रो र भरपदी सजिलो छ । हामी यो ऐप को बारेमा जानकारी पाउँदा निकै नै हर्षित छौं।

**निष्कर्ष**

यसमा थप्नु पर्ने भनेको यतिमात्र वाली नभई अझै वाली थप्नुपर्ने र मैले सिकाए कृषक का अनुसार बोलेको सुनिने भए अझै नपढेको लाई पनि राम्रो उपयोगी हुन्छ भन्ने छ ।

- **Bipana Chaudhary, Kabita B.k, Hosila Gupta**